# प्रभु बैंक लिमिटेड

## काठमाडौं ११, बबरमहल

## बाइसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट) विवरण

१. **सभाको बैधानिकता र सभा सञ्चालन :**

यस प्रभु बैंक लिमिटेडको मिति २०८०/१२/२३ गते बसेको सञ्चालक समितिको तीन सय बत्तीसौं बैठकको निर्णय अनुसार बोलाइएको बाइसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूको अध्यक्षतामा आज मिति २०८१ साल वैशाख २० गते बिहीबार तदनुसार सन् २०२४ मे ०२ तारेखका दिन बैंकको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११, बबरमहलमा बस्यो । पूर्व निर्धारित विषयहरु उपर बिहानको १०:०० बजेबाट दिनको २:०० बजेसम्म छलफल भई देहाय बमोजिमका काम कारबाही सम्पन्न भयो । साधारण सभाका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना पठाइएको, बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५२.०७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल १,७२६ जना शेयरधनीहरु स्वयं तथा प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम गणपूरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम उपस्थित शेयरधनीहरुले साधारण सभा बैधानिक भएको यकिन गरे पश्चात कम्पनी सचिवले सभा बैधानिक भएको कुरा अवगत गराउनुभयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ (३) को प्रावधान बमोजिम शेयरधनी महानुभावहरुको उपस्थितिका लागि बाइसौं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय तथा छलफल हुने विषयहरु सहितको विवरण खुलाई मिति २०८०/१२/२७ गते राष्ट्रियस्तरको राजधानी दैनिकमा पहिलो पटक र मिति २०८०/१२/२८ गते राष्ट्रियस्तरको अन्नपूर्ण पोष्ट दैनिकमा दोश्रो पटक सूचना प्रकाशित गरिएकोमा सो सूचना र साधारण सभासँग सम्बन्धित कागजात शेयरधनीहरुको दर्ता किताबमा उल्लिखित ठेगानामा पठाइनुका साथै बैंकको वेबसाइट www.prabhubank.com मा राखिएको र सभामा उपस्थित शेयरधनीहरुले प्राप्त गर्ने गरी हाजिर पुस्तिका राखिएको स्थानबाट समेत वितरण गरिएको थियो ।

३. **छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव :**

१. आ.व.२०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७९/०८० को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८०/०८१ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालकहरुको नियुक्ती अनुमोदन एवं जानकारी सम्बन्धमा ।

६. विविध ।

४. **उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति :**

१. श्री लिला प्रकाश सिटौला

अध्यक्ष

PRABHU BANK
Head Office

२. श्री अंगिर मान सिंह — सञ्चालक

३. श्री तारा मानन्धर — सञ्चालक

४. श्री किशोर जङ्ग कार्की — सञ्चालक

५. श्री अभिषेक बज्राचार्य — सञ्चालक

६. श्री बृष बहादुर बस्नेत — सञ्चालक

७. श्री भावना बलायर — सञ्चालक

(ख) उपस्थित विशेष अतिथिहरु :

१. श्री देवी प्रकाश भट्टचन — पूर्व अध्यक्ष प्रभु बैंक लिमिटेड तथा माननीय सांसद संघीय संसद प्रतिनिधि सभा

(ग) उपस्थित अतिथिहरु :

| | |
|---|---|
| १. प्रा.डा. श्री राम प्रसाद दाहाल | पूर्व अध्यक्ष किष्ट बैंक लिमिटेड |
| २. श्री स्वरुप गुरुङ्ग | पूर्व अध्यक्ष ग्राण्ड बैंक नेपाल लिमिटेड |
| ३. श्री निलकृष्ण ताम्राकार | पूर्व अध्यक्ष गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड |
| ४. श्री अजय प्रसाद ढकाल | पूर्व अध्यक्ष जेनिथ फाइनान्स लिमिटेड |
| ५. श्री रमेश सिंह खड्का | पूर्व अध्यक्ष समृद्धि विकास बैंक लिमिटेड |
| ६. श्री करुणा गोविन्द श्रेष्ठ | पूर्व अध्यक्ष वैभव फाइनान्स लिमिटेड |
| ७. श्री शंकर प्रसाद कालिकोटा | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| ८. श्री रामेश्वर सापकोटा | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| ९. श्री मन बहादुर राई | पूर्व सञ्चालक प्रभु बैंक लिमिटेड |
| १०.अधिवक्ता श्री भिमसेन वन्जारा | कानूनी सल्लाहकार |
| ११.श्री अनुप कुमार श्रेष्ठ | बाह्य लेखापरीक्षक |

(घ) उपस्थित बैंक (कम्पनी) का पदाधिकारीहरुको विवरण :

| | |
|---|---|
| १. श्री अशोक शेरचन | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित भण्डारी | कम्पनी सचिव |

(ङ) उपस्थिति पर्यवेक्षक/प्रतिनिधिहरुको विवरण :

| | |
|---|---|
| १. श्री अर्जुन खड्का | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री नविन कुमार भट्टराई | कम्पनी रजिष्ट्रारको कार्यालय |

५. गणपूरक संख्या प्रतिशत :

| | |
|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या | २३,५४,२४,८९८.३२ |
| शेयरधनीहरुको कुल संख्या | ३,१७,३१६ |
| संस्थापक शेयरधनीहरुको संख्या | २,२९९ |

Prabhu Bank Head Office

| | |
|---|---|
| सर्वसाधारण शेयरधनीहरुको संख्या | ३,१५,०१७ |
| स्वयम् उपस्थित शेयरधनीहरुको संख्या | १,५४८ |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या | १७८ |
| कुल उपस्थित शेयरधनीहरुको संख्या | १,७२६ |
| स्वयं उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | ८,९३,३२,६७३ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | ३,३२,५३,२६० |
| कुल प्रतिनिधित्व भएको शेयर संख्या | १२,२५,८५,९३३ |
| शेयरधनीहरुले प्रतिनिधित्व गरेको शेयरको प्रतिशत | ५२.०७ प्रतिशत |

६. **सभा सञ्चालन :**

(क) उद्घोषक कम्पनी सचिवले सभालाई बैधानिकता प्रदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम साधारण सभाको सभापतित्व गर्न सञ्चालक समितिका अध्यक्ष श्री लिला प्रकाश सिटौलाज्यूलाई अनुरोध गर्नु भयो ।

(ख) सञ्चालक समितिका अध्यक्षज्य एवं सभाका सभापतिज्यूले साधारण सभामा उपस्थित विशेष अतिथि, बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, पूर्व सञ्चालकहरु, कानूनी सल्लाहकार, बाह्य लेखापरीक्षक, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक तथा प्रतिनिधिहरु लगायत साधारण सभामा उपस्थित संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार एवं बैंकका कर्मचारीहरुले आसन ग्रहण गरे पश्चात पूर्व निर्धारित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि साधारण सभा सञ्चालन गर्न कम्पनी सचिवलाई अनुमति प्रदान गर्नु भयो ।

७. **प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तव्य :**

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचनले सञ्चालक समितिका अध्यक्ष एवं बाइसौं वार्षिक साधारण सभाका सभापति, विषेश अतिथि, बैंकका सञ्चालकहरु, विभिन्न समयमा प्रभु बैंक लिमिटेडमा गाभिएका तथा बैंकले प्राप्ति (एक्विजिशन) गरेका बैंक तथा वित्तीय संस्थाका पूर्व अध्यक्षहरु, बैंकका पूर्व सञ्चालकहरु, कानूनी सल्लाहकार, बाह्य लेखापरीक्षक, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, साधारण सभामा उपस्थित संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, पत्रकार एवं बैंकका कर्मचारीबर्गलाई सभामा स्वागत गर्न पाउँदा अत्यन्त हर्षित भएको जानकारी गराउँदै विश्वको अर्थतन्त्र ओरालो लागेको अवस्थामा नेपालको समग्र अर्थतन्त्र पनि त्यसबाट अछुतो नरहेको, तथ्याङ्क विभागबाट प्रकाशित प्रतिवेदन अनुसार अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर १.९० प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक भएकोमा यस वर्ष ३.५० प्रतिशत रहने आङ्कलन गरिएको, पूँजी बजार, घर जग्गाको कारोबार, होटल, उद्योग, व्यापारिक प्रतिष्ठान, अस्पताल, स्कुल, कलेज लगायतका सम्पूर्ण क्षेत्रमा मन्दीको असर देखिएकाले समग्र बैंकिङ्ग व्यवसायले नकारात्मक प्रभाव भोग्नु परेको विचार व्यक्त गर्दै बाइसौ वार्षिक साधारण सभा प्रस्तुत प्रतिवेदनका आधारमा यस बैंकको गत वर्षका केही सूचकाङ्कहरु सोचे जस्तो नभएकामा त्यसको जिम्मेवारी लिंदै आगामी दिनहरुमा यसलाई सुदृढ गर्दै अघि बढ्ने प्रण गर्दै अघिल्लो वर्ष बैंकले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेकोमा कर्मचारी, शाखा तथा आन्तरिक प्रकृया व्यवस्थापन गर्ने क्रम चलिरहेकोमा त्यसलाई पूर्णरुपमा व्यवस्थापन गर्न अझै १ वर्ष समय लाग्ने जानकारी गराउँदै, देशको समग्र परिस्थीतिले गर्दा अघिल्लो वर्ष अन्य बैंकहरुको जस्तै यस बैंकको ग्रोथ ४ प्रतिशतको हाराहारीमा सिमित रहेकोमा चालु आर्थिक वर्षको ९ महिना बित्दा समेत त्यस्तै अवस्था रहेको, अघिल्लो आर्थिक वर्ष बैंकिङ्ग क्षेत्रले तरलता अभावको समस्या भोग्नु परेकोमा यस वर्षको सुरुवातसँगै अधिक तरलता भएतापनि देशको समग्र आर्थिक क्रियाकलापमा वृद्धि हुन नसकेकाले कर्जाको मागमा वृद्धि नभएको हुँदा यस वर्ष पनि बैंकको ग्रोथ ४ प्रतिशतको हाराहारीमा सिमित हुने अवस्था देखिएको, आगामी दिनमा

PRABHU BANK
Head Office

बैंकबाट प्रवाह गरिने सेवा तथा सुविध विस्तार गरिने, सुरक्षाको दृष्टिकोणबाट बैंकलाई थप सुदृढ बनाउँदै लगिने जानकारी गराई मिति २०८१/०१/१९ गतेसम्मको बैंकको निक्षेप, कर्जा लगानी, खाता संख्या, कर्जा ग्राहक संख्याका सम्बन्धमा जानकारी गराउनु भयो । साथै, शेयरधनीहरुबाट प्राप्त हुने अमुल्य सुझावलाई यथासंभव कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता सहित सभामा भाग लिने सम्पूर्ण महानुभावहरुलाई पुनः स्वागत गर्दै वार्षिक साधारण सभा भव्यरुपमा सफल पार्न अनुरोध गर्नु भयो ।

८. **शुभकामना मन्तव्य :**

(क) **अतिथि प्रा.डा. श्री राम प्रसाद दाहालबाट शुभकामना मन्तव्य :**
साविक किष्ट बैंक लिमिटेडका अध्यक्ष एवं यस बैंकका शेयरधनी प्रा.डा. श्री राम प्रसाद दाहालले सञ्चालक समितिका अध्यक्ष एवं बाइसौं वार्षिक साधारण सभाका सभापति, विषेश अतिथि, बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, पूर्व सञ्चालकहरु, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी, पत्रकार एवं बैंकका कर्मचारीबर्गलाई स्वागत गर्दै देशको समग्र आर्थिक क्रियाकलाप चलायमान हुन नसकेको वर्तमान परिस्थितमा खुशीमा नमात्तिई र विपत्मा नआत्तिई संयमितरुपमा अघि बढिरहेको प्रभु बैंक लिमिटेडले देशको अर्थतन्त्र, राज्यको विद्यमान अवस्था अनि विकट परिस्थितिमा कर्जाको मागमा वृद्धि भएको नदेखिएतापनि उत्साह एवं विश्वासकासाथ कारोबार गरिरहेकाले बैंक अझ सक्षम तथा सुदृढ भई आगामी दिनमा उच्चतम् प्रतिफल वितरण गर्न सफल होस भन्ने शुभकामना व्यक्त गर्दै बाइसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

(ख) **विशेष अतिथि माननीय सांसद श्री देवी प्रकाश भट्टचनबाट शुभकामना मन्तव्य :**
यस बैंकका पूर्व अध्यक्ष एवं शेयरधनी माननीय सांसद श्री देवी प्रकाश भट्टचनले सञ्चालक समितिका अध्यक्ष एवं बाइसौं वार्षिक साधारण सभाका सभापति, बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, पूर्व सञ्चालकहरु, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी, पत्रकार एवं बैंकका कर्मचारीबर्गलाई स्वागत गर्दै प्रभु बैंक लिमिटेडले अघिल्लो वर्ष सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी कारोबार सुरु गरेपश्चात बैंकको संरचना, शाखा सञ्जाल एवं पूँजी वृद्धि भएकाले गौरव महशुस भएको जानकारी गराउँदै सो संस्था प्राप्ति (एक्विजिशन) गरेपश्चात बैंकले बैंक अफ दि इयर २०२३ जस्तो महत्वपूर्ण पुरस्कार प्राप्त गरेकोमा बधाई दिंदै बैंकले विभिन्न समयमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई गाभेर अघि बढ्दा त्यसबाट सफलता प्राप्त गरेको अनुभूति आफूलाई भएको जानकारी गराउँदै सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी कारोबार सुरु गरेकोमा भोलिका दिनमा अवश्य सफलता प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्दै बैंकबाट प्रदान गरिने सेवा थप चुस्त दुरुस्तरुपमा प्रदान गर्न सुझाव दिंदै बाइसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

९. **सभामा प्रस्तावहरुको प्रस्तुति :**

(क) सभामा सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूले बैंकको आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

(ख) सभामा उद्घोषण गरिरहनु भएका कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूको आदेश बमोजिम शेयरधनी महानुभावहरुलाई माथि ३ नंबरमा उल्लेख गरिएका छलफलका विषयहरु उपर छलफल गरी निर्णय गर्न फ्लोर (Floor) खुला गरेको जानकारी गराउँदै छलफलको कार्यक्रम अघि बढाउन अनुरोध गर्नु भयो ।

१०. **शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य :**
सञ्चालक समितिका अध्यक्ष एवं वार्षिक साधारण सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको २०७९/०८० को प्रतिवेदनको प्रस्तुति पश्चात सभामा प्रस्तुत निर्धारित प्रस्तावहरु उपर छलफल गर्न शेयरधनीहरु श्री सत्रुघन श्रेष्ठ, मेजर श्री कुवेर श्रेष्ठ, श्री भक्ति प्रसाद उप्रेती, श्री चन्द्र नारायण श्रेष्ठ,

PRABHU BANK
Head Office

श्री विरोचन श्रेष्ठ, श्री राम गोपाल महर्जन, श्री ध्रुवराज न्यौपाने, श्री मदन कुमार राई र श्री गुणराज भट्टसमेत ९ जनाले स्वयं उपस्थित भई तथा शेयरधनीहरु श्री ब्रम्हदेव शाक्य, श्री सुदिप श्रेष्ठ, श्री व्यास कुमार शर्मा, श्री कृष्ण प्रसाद अधिकारी, श्री उत्तमदत्त पाण्डे, श्री बैजुनाथ रौनियार, श्री इन्द्र प्रसाद लामिछानेसमेत ७ जनाले लिखितरुपमा बैंकको सञ्चालक समितिका अध्यक्ष एवं बाइसौं वार्षिक साधारण सभाका सभापति, विषेश अतिथि, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, पूर्व सञ्चालकहरु, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी, पत्रकार, बैंकका कर्मचारी लगायत साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई संबोधन गर्दै बैंकले बैंक अफ दि इयर २०२३ जस्तो महत्वपूर्ण पुरस्कार प्राप्त गरेकोमा बधाई दिंदै बाइसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना सहित आ-आफ्नो राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नु भयो ।

बैंकले प्रचलित कम्पनी ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्रै वार्षिक साधारण सभा सम्पन्न नगरेकोमा गुनासो व्यक्त गर्दै आगामी दिनमा समयमै लेखापरीक्षण कार्य सम्पन्न गराई प्रचलित ऐनले निर्धारण गरेको समयावधिभित्रै अझ संभव भए दशैं अगाडीनै साधारण सभा सम्पन्न गर्न सुझाव दिंदै बैंकले आ.व.२०७९/०८० मा लाभांश बितरण नगरेकाले शेयरधनीहरुलाई अन्याय भएको गुनासो व्यक्त गर्नु भयो । विभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्दै/प्राप्ति (एक्विजिशन) गर्दै अघि बढेको प्रभु बैंक लिमिटेडले अघिल्ला आर्थिक वर्षहरुमा आकर्षक लाभांश वितरण गर्ने गरेकोमा सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेपश्चात बैंकका विभिन्न सुचङ्काकहरु ओरालो लागेको देखिएको, कर्मचारीको संख्या ठूलो भएकाले त्यसलाई घटाउन आवश्यक योजना ल्याई व्यवस्थापन गर्नु पर्ने, सञ्चालक रिक्त भएको अवस्थामा वार्षिक साधारण सभाबाट निर्वाचन नगरी सञ्चालक समिति स्वयंले सञ्चालक नियुक्ती गरी अनुमोदन गर्ने प्रस्ताव पेश गरेकोमा सो सम्बन्धी कानूनी व्यवस्था एवं औचित्य पुष्टी गर्न अनुरोध गर्नु भयो । बैंकले कर्मचारी नियुक्त गर्दा पारदर्शी प्रकृया अपनाई दक्ष कर्मचारी छनौट गरी नियुक्त गर्नु पर्ने, बैंकमा कार्यरत सक्षम कर्मचारीहरुलाई प्रोत्साहन गर्नु पर्ने, बैंकको निष्कृय कर्जा (Non Performing Loan) अत्यन्तै बढेको देखिएकाले त्यसलाई घटाई नाफा बढाउनका लागि विशेष ध्यान दिनु पर्ने, खुद ब्याज आम्दानी (Net Interest Income) सन्तोषजनक देखिएतापनि नाफा बढाउन नसकेकोमा नाफा बढाएर आगामी वर्ष लाभांश बाँडिनु पर्ने, Impairment Charge अत्याधिक बढेको देखिएकाले त्यसलाई फिर्ता गर्नका लागि Loan Loss Provision घटाउनु पर्ने हुँदा दक्ष कर्मचारीहरुको टिम निर्माण गरी कर्जा असुली गर्नका लागि विशेष ध्यान दिन सुझाव दिनु भयो । बैंकको प्रति शेयर आम्दानी र नेटवर्थ घटेको हुँदा त्यसलाई वृद्धि गर्नका लागि आवश्यक पहल गर्न, असल कर्जा वृद्धि गरी नाफा बढाउनका लागि बैंक व्यवस्थापन एवं सञ्चालक समितिको ध्यानाकर्षण गराउँदै बैंकले प्रतिस्पर्धात्मक क्षमताको विकास गरी लगानीको क्षेत्र विस्तार गर्नु पर्ने, संभावित वित्तीय जोखिम न्यूनिकरण गर्नु पर्ने, प्रत्येक शाखालाई नाफामूखी बनाउनु पर्ने, बैंकको शाखा सञ्जाल ठूलो हुँदै गएकाले आन्तरिक नियन्त्रण प्रणाली अझै सुदृढ गरी सुक्ष्मरुपमा कर्मचारीहरुको निगरानी गर्नु पर्ने, शाखाहरुको सुशासनलाई विशेष ध्यान दिंदै नियमितरुपमा अनुगमन गरी उचित व्यवस्थापन गर्नु पर्ने, वासलात बाहिरको कारोबारबाट आम्दानी वृद्धि गरी नाफा बढाउन ध्यान दिनु पर्ने, अन्य सञ्चालन खर्च नियन्त्रण गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउनु पर्ने, बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न किसिमका काम गरिरहेकोमा त्यसलाई निरन्तरता दिंदै त्यस्ता कार्यलाई बैंकको Branding का लागि उपयोग गर्न ध्यान पुऱ्याउनु पर्ने सुझाव दिनु भयो । बैंकले अपलेखन (Write Off) गरेको कर्जा र सकार गरेको गैह्र बैंकिङ्ग सम्पत्ति (Non Banking Assets) का सम्बन्धमा वासलातमा स्पष्टरुपमा उल्लेख गरिनु पर्नेमा उल्लेख गरेको नपाइएकाले आगामी वर्ष स्पष्टरुपमा वासलातमा उल्लेख गर्न, अत्यावश्यक अवस्थामा बाहेक कर्जा अपलेखन नगर्न र धितो सकार नगर्न, अपलेखन गरिएका कर्जा असुल उपर गर्न र सकार गरेको गैह्र बैंकिङ्ग सम्पत्ति (Non Banking Assets) यथाशक्य बिक्री गरी नाफा वृद्धि गर्ने तर्फ विषेश ध्यान दिन सुझाव दिनु भयो । शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम ठूलो देखिएकाले सो रकम निजहरुलाई बुझाउन सूचना प्रकाशित गर्ने व्यवस्था गरिनु पर्ने, उठ्न बाँकी रहेका ब्याज उठाउन विशेष पहल गर्नु पर्ने र वासलातमा छपाई सम्बन्धी विभिन्न

PRABHU BANK
Head Office

त्रुटी देखिएकोमा त्यस्ता त्रुटीले भ्रम सिर्जना हुने संभावना भएकाले त्रुटी नदोहोऱ्याउन र बैंकका गतिविधीहरु समयमै वेवसाइटमा राख्ने व्यवस्था मिलाउन सुझाव दिनु भयो ।

११. **सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य उपर अध्यक्षज्यूको जवाफ :**
विभिन्न बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभिएर बनेको यस बैंकको गरिमामय बाइसौं वार्षिक साधारण सभामा ९ जना शेयरधनीहरु स्यवं उपस्थित भएर तथा ७ जना शेयरधनीहरुले लिखितरुपमा आफ्ना राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नु भएको, मन्तव्यका क्रममा सम्पूर्ण शेयरधनी महानुभावहरुले बैंकले प्रचलित कम्पनी ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्रै वार्षिक साधारण सभा सम्पन्न नगरेकोमा गुनासो व्यक्त गर्दै आगामी दिनमा समयमै लेखापरीक्षण कार्य सम्पन्न गराई प्रचलित ऐनले निर्धारण गरेको समयावधिभित्रै अझ संभव भए दशैं अगाडीनै वार्षिक साधारण सभा सम्पन्न गर्न र आगामी वर्ष लाभांश वितरण गर्नु पर्ने सुझाव प्रस्तुत गर्नु भएकोमा त्यसलाई आफूले सकारात्मकरुपमा लिएको जानकारी गराउँदै सक्रियरुपमा साधारण सभामा भाग लिई आफ्नो राय सुझाव, जिज्ञासा सहितको मन्तव्य व्यक्त गर्ने र लिखितरुपमा आफ्नो राय सुझाव, जिज्ञासा सहितको मन्तव्य व्यक्त गर्ने साथै, सभामा उपस्थित शेयरधनी महानुभाव लगायतका सम्पूर्ण व्यक्तिहरुलाई धन्यवाद प्रदान गर्नु भयो ।

बैंकका विभिन्न सुचङ्काकहरु ओरालो लागेको देखिएकोमा विगत केही समयदेखि अर्थतन्त्रमा देखिएको सुस्तता, सरकारी भुक्तानीमा देखिएको ढिलासुस्ती र नितीहरुमा देखिएको अनिश्चितताका कारण बैंकहरुको नाफा गर्ने क्षमतामा ह्रास आएको जानकारी गराउनु भयो । सरकारी आय व्ययमा देखिएको न्युनता, नीजि क्षेत्रहरुको कमजोर मनोवल, बैंकहरुको साँवा तथा ब्याज असुलीमा देखिएको समस्या, गैह्रकोषमा आधारित व्यवसायमा उत्पन्न बढ्दो दाबी, विभिन्न नीतिगत कारणले अन्य आयहरुमा आएको संकुचन, आयात निर्यातको प्रवृत्तिमा आएको ह्रास, विकास निर्माणका गतिविधिमा देखिएको गतिहीनता, उत्पादन र उपभोगमा आएको कमी, सहकारीमा देखिएको समस्या जस्ता कारणले अर्थतन्त्रमा सुधार आउन अझ केही समय लाग्ने भएकाले निकट भविष्यमै अहिलेको अवस्थामा चमत्कारिक परिवर्तन हुन सक्ने सम्भावना न्युन रहेको विचार व्यक्त गर्दै विविध कारणवश समयमा साधारण सभा सम्पन्न गर्न नसकिएकोमा आगामी वर्ष समयमै साधारण सभा गरिने प्रतिवद्धता व्यक्त गर्दै बैंकमा कर्मचारीको संख्या ठूलो भएकाले त्यसलाई व्यस्थापन गर्न स्वेच्छिक अवकाष योजना लागू गरिएको, सञ्चालक रिक्त भएको अवस्थामा सञ्चालक समितिले सञ्चालक नियुक्ती गरी अनुमोदन गर्ने प्रचलित कानूनी व्यवस्था एवं सोको औचित्यका सम्बन्धमा प्रकाश पार्दै कर्मचारी नियुक्त गर्दा पारदर्शी प्रकृया अपनाई दक्ष कर्मचारी छनौट गरी नियुक्त गर्ने गरिएको र बैंकमा कार्यरत सक्षम कर्मचारीहरुलाई प्रोत्साहन गर्ने गरिएको प्रष्ट पार्नु भयो । बैंकको निष्कृय कर्जा (Non Performing Loan) बढेकोमा त्यसलाई घटाई नाफा बढाउनका लागि विशेष ध्यान दिइने, खुद ब्याज आम्दानी (Net Interest Income) सन्तोषजनक देखिएतापनि त्यसलाई अझै बढाउन प्रयास गरिने, नाफा बढाएर आगामी वर्ष लाभांश बाँडिने, Impairment Charge बढेकोमा त्यसलाई फिर्ता गर्नका लागि निष्कृय कर्जा असुल उपर गरी Loan Loss Provision घटाउने तर्फ विशेष ध्यान दिइने, बैंकको प्रति शेयर आम्दानी र नेटवर्थ वृद्धि गर्नका लागि आवश्यक पहल गरिने, साना कर्जा वृद्धि गरी नाफा बढाउनका लागि प्रयास गरिने जानकारी गराउँदै बैंकको प्रतिस्पर्धात्मक क्षमताको विकास गरी लगानीको क्षेत्र विस्तार गरिने, संभावित वित्तीय जोखिम न्यूनिकरण गर्न पहल गरिने, शाखाहरुलाई नाफामूखी बनाउन र शाखाहरुको सुशासनलाई विशेष ध्यान दिँदै अनुगमन गर्ने गरिएकोमा त्यसलाई निरन्तरता प्रदान गरिने, वासलात बाहिरको कारोबारबाट आम्दानी वृद्धि गरी नाफा बढाउन ध्यान दिइने, अन्य सञ्चालन खर्च नियन्त्रण गरी नाफा वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउने, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न किसिमका काम गरिरहेकोमा त्यसलाई निरन्तरता दिँदै त्यस्ता कार्यलाई बैंकको Branding गर्नका लागि उपयोग गर्ने गरिएको, बैंकले अपलेखन (Write Off) गरेको कर्जा र सकार गरेको गैह्र बैंकिङ्ग सम्पत्ति (Non Banking Assets) का सम्बन्धमा आगामी वर्ष स्पष्टरुपमा वासलातमा उल्लेख गरिने, अपलेखन गरिएका कर्जा असुल उपर गर्न र बैंकले सकार गरेको गैह्र बैंकिङ्ग सम्पत्ति (Non Banking Assets) यथाशक्य बिक्री गरी नाफा वृद्धि गर्न ध्यान दिईने, साना साना कर्जा अपलेखन गर्ने गरिएको, बिक्री गर्न सकिने र कर्जा असुल उपर हुने अवस्थामा रहेका धितो सकार गर्ने

PRABHU BANK
Head Office

गरिएको, शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम निजहरुलाई बुझाउन समय समयमा सूचना प्रकाशित गर्ने गरिएको, उठ्न बाँकी रहेको ब्याज उठाउन विशेष पहल गरिने, वासलातमा देखिएका छपाई सम्बन्धी त्रुटी दोहोरिन नदिने र बैंकका गतिविधीहरु समयमै वेवसाइटमा राख्ने व्यवस्था मिलाउने जानकारी गराउँदै शेयरधनीहरुबाट प्राप्त हुन आएका अन्य अमूल्य सुझावहरुलाई आगामी दिनमा यथासंभव कार्यान्वयन गरिने व्यहोरा समेत जानकारी गराउनु भयो ।

**१२. साधारण सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव तर्फ :**

१. आ.व.२०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७९/०८० को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगांयतका वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८०/०८१ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गर्दा लेखापरीक्षण समितिले बैंकको आ.व.२०८०/०८१ को लेखापरीक्षण गर्न विभिन्न चार्टर्ड एकाउन्टेन्ट्स फर्महरुसँग प्रस्ताव माग गर्दा एस.ए.आर.एशोसिएट्स, बिशालनगर, काठमाडौं, एमआरयु एशोसिएट्स डिल्लीबजार, काठमाडौं र एस. एण्ड एस. एशोसिएट्स, संखमुल, काठमाडौंले पेश गरेको प्रस्तावको प्राविधिक एवं आर्थिक विश्लेषण् गरी चार्टर्ड एकाउन्टेन्टस् एस.ए.आर. एशोसिएट्स, बिशालनगर, काठमाडौ नियुक्तीका लागि सर्वाधिक उपयुक्त देखिएकाले सो फर्मलाई नियुक्त गर्न सिफारिस गरेको हुँदा बैंकको आ.व.२०८०/०८१ को लेखापरीक्षण गर्न चार्टर्ड एकाउन्टेन्टस् एस.ए.आर.एशोसिएट्स, बिशालनगर, काठमाडौलाई लेखापरीक्षण शुल्क मूल्य अभिवृद्धि कर बाहेक रु.२५,००,०००/- (रु.पच्चीस लाख मात्र) र अन्य आकस्मिक खर्च (भ्रमण खर्च, हवाई टिकट/यातायात, खाजा लगायत लेखापरीक्षण कार्यमा लाग्ने सम्पूर्ण प्रशासनिक खर्च समेत) बापत मुल्य अभिवृद्धि कर बाहेक एकमुष्ठ रु.५,००,०००/- (रु.पाँच लाख मात्र) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरियो ।

५. सञ्चालकहरुको नियुक्ती अनुमोदन एवं जानकारीका सम्बन्धमा छलफल गर्दा यस बैंकको मिति २०७९/०९/२६ गते बसेको सञ्चालक समितिको दुई सय उनासीऔं बैठकले निर्णय गरी संस्थापक शेयरधनीको समूहबाट नियुक्त गरिएका सञ्चालक श्री रमेश सिंह खड्का, श्री मन बहादुर राई, श्री शंकर प्रसाद कालिकोटा र श्री रामेश्वर सापकोटा, सर्वसाधारण शेयरधनीको समूहबाट नियुक्त गरिएका सञ्चालक श्री अभिषेक बज्राचार्य, त्यसैगरी मिति २०८०/०९/०६ गते बसेको सञ्चालक समितिको तीन सय सत्रौं बैठकले निर्णय गरी सर्वसाधारण शेयरधनीको समूहबाट नियुक्त गरिएका सञ्चालक श्री बृष बहादुर बस्नेतको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो । साथै, नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति बमोजिम मिति २०७९/०९/२६ गते बसेको सञ्चालक समितिको दुई सय उनासीऔं बैठकले निर्णय गरी नियुक्त गरिएका स्वतन्त्र सञ्चालक प्रा.डा. श्री गीता प्रधान र श्री लिला प्रकाश सिटौलाको नियुक्तीका सम्बन्धमा सभालाई जानकारी गराइयो ।

PRABHU BANK
Head Office

६. विविध : प्रभु बैंक लिमिटेडको मिति २०७७/०९/२६ गते सम्पन्न उन्नाइसौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीको समूहबाट निर्वाचित एवं प्रभु बैंक लिमिटेडले साविक सेन्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी एकीकृत कारोबार शुरु गरेपश्चात मिति २०७९/०९/२६ गते गठन गरिएको सञ्चालक समितिमा समेत संस्थापक शेयरधनीको समूहबाट नियुक्त सञ्चालक श्री रमेश सिंह खड्का र श्री शंकर प्रसाद कालिकोटाको राजीनामा स्वीकृत भएपश्चात रिक्त रहेको सञ्चालक पदमा निजहरुको बाँकी कार्यकाल अर्थात आगामी तेइसौं वार्षिक साधारण सभा सम्मका लागि मिति २०८१/०१/०७ गते बसेको सञ्चालक समितिको तीन सय पैतीसौं बैठकले निर्णय गरी नियुक्त गरिएका सञ्चालक श्री अंगिर मान सिंह र श्री तारा मानन्धर तथा प्रभु बैंक लिमिटेडको मिति २०७७/०९/२६ गते सम्पन्न उन्नाइसौं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीको समूहबाट निर्वाचित एवं प्रभु बैंक लिमिटेडले साविक सेन्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी एकीकृत कारोबार शुरु गरेपश्चात मिति २०७९/०९/२६ गते गठन गरिएको सञ्चालक समितिमा समेत संस्थापक शेयरधनीको समूहबाट नियुक्त सञ्चालक श्री रामेश्वर सापकोटाको राजीनामा स्वीकृत भएपश्चात रिक्त रहेको सञ्चालक पदमा निजको बाँकी कार्यकाल अर्थात आगामी तेइसौं वार्षिक साधारण सभा सम्मका लागि मिति २०८१/०१/१७ गते बसेको सञ्चालक समितिको तीन सय अठतीसौं बैठकले निर्णय गरी नियुक्त गरिएका सञ्चालक श्री किशोर जंङ्ग कार्की (प्रतिनिधि - क्लाउड मण्डप प्रा.लि.) र सञ्चालक समितिको सोही बैठकले निर्णय गरी सर्वसाधारण समूहबाट रिक्त रहेको सञ्चालक पदमा आगामी तेइसौं वार्षिक साधारण सभा सम्मका लागि नियुक्त गरिएका सञ्चालक श्री भावना बलायरको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो ।

१३. सभाको अन्त्यमा सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभापतिज्यूले विशेष अतिथि, सञ्चालक समितिका पदाधिकारी, अतिथिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, कानूनी सल्लाहकार, बाह्य लेखापरीक्षक, ग्राहकवर्ग, बैकका शुभचिन्तक लगायत उपस्थित सम्पूर्ण व्यक्तिहरुप्रति आभार व्यक्त गर्दै बाइसौं वार्षिक साधारण सभामा सहभागी भई आफ्ना प्रश्न, जिज्ञासा तथा अमूल्य सुझाव प्रस्तुत गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नु हुने शेयरधनी महानुभावहरु, पत्रकार तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद प्रदान गर्दै बाइसौं वार्षिक साधारण सभा समापन गर्नु भयो ।

PRABHU BANK
Head Office

अमित भण्डारी
कम्पनी सचिव
मिति : २०८१/०१/२०

लिला प्रकाश सिटौला
अध्यक्ष